# प्रेस विज्ञप्ति- ३३४

# Press Release- 334

लागु औषध नियन्त्रण ब्यूरो
कोटेश्वर, काठमाडौ
मिति: २०८०।०४।०२ गते।

## नाबालिकालाई प्रयोग गरी लागु औषध कारोवार गर्ने एक जना मानिस पक्राउ

मिति २०८०।०३।३१ गते लागु औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिई गएको प्रहरी टोलीले का.जि.का.म.न.पा. वडा ९ त्रिभुवन बिमानस्थल कार्गो कम्प्लेक्सबाट अमेरिकाको California बाट आयात गरिएको अबैध लागु औषध गाँजा २ के.जी. सहित १ जना मानिस पक्राउ गरी थप अनुसन्धान भई रहेको व्यहोरा जानकारीको लागी अनुरोध गरिएको छ।

लागु औषध अपराधमा बालबालिका र सामान्य व्यक्तिलाई लागु औषध कारोवारीले कसरी फसाउंछन् भन्ने कुरा यहाँ चर्चा गरिएको छ।

१६ बर्ष उमेर भएकी +2 को Exam दिएर बसेकी ‘A’ नाम गरेको एउटी बालिका ‘B’ नामक Job Solution Agency मा Receptionist को रुपमा काम गर्छिन् उनलाई कतैबाट कर्मचारी आवश्यक भएको जानकारी आउंछ र एउटा मान्छे पठाउछिन् पनि। केही दिन पछी फेरि त्यही व्यक्तिको फोन आउंछ र भन्छ पहिला पठाएको मान्छेले त्यति राम्रो काम गरेन तपाई आउनु हुन्छ भने मासिक (२०,०००/-) बिस हजार तलव दिन्छु भनेर प्रस्ताव गर्छन्। तिनी बालिकाले काम गरेको Job Agency ले भन्दा बढी रकम तलब वापत पाउने भएपछि ठीक छ भन्छिन् र कामको वारेमा सोध्छिन्। सो मान्छेले काम कहिले काहीं मात्र हो मेरो बिदेशबाट आएको सामान (चकलेट, सजावटका समान, खेलौना र कपडा) Airport को Cargo Complex बाट बुझेर ल्याउने मात्र हो र सो को लागी परिचय पत्र बनाउन नागरिकताको फोटोकपी चाहिन्छ फोटो कपि ल्याई दिनु भनेपछी सोही बमोजिम उपलब्ध गराई दिन्छन्। पछी नाम थर खुल्न आएका फैज उल्लाह साहले सो नागरिकताको कपि भारत हुदै अमेरिका पठाउंछन् र सोहि नाममा अमेरिकाबाट कपडाहरु भित्र लुकाई अबैध लागु औषध गांजा मगाउंछन्। मिति २०८०।०३।३१ गते निज फैज उल्लाह साहले कामको लागी नाबालिकालाई बोलाउछन् र तिम्रो नाममा Cargo Complex मा सामान आएको छ लिएर आउनु भन्दै रू २०००/- ट्याक्सी भाडा दिएर पठाउछन्। उल्लेखित सामान Receive गर्ने क्रममा उनी प्रहरी नियन्त्रणमा पर्छिन्। तिनले कपडा भनी Receive गरेको सामान अमेरिकाको California बाट आएको अबैध लागु औषध गांजा २ के.जी. रहेको हुन्छ थप अनुसन्धान पश्चात् निज बालिकालाई परिचालन गर्ने जिल्ला पर्सा धोबीनी गा.पा. वडा नं. ५ बस्ने बर्ष २७ को फैज उल्लाह साह पनि पक्राउ पर्छन्। सो बिषयमा सम्मानित जिल्ला अदालत काठमाण्डौंबाट म्याद लिई लागु औषध नियन्त्रण ब्यूरोबाट थप अनुसन्धान भई रहेको छ। तसर्थ कुनै काम गर्दा बेलैमा सावधानी अपनाउन अनुरोध गर्दछौं।

## बेलैमा सावधानी अपनाऔं होशियार बनौं ।

- आफ्नो परिचय पत्र, नागरिकता, पासपोर्ट लगायत कागजात कसैले मागेमा कुन प्रयोजनको लागी हो बुझेर मात्र दिने गरौं ।
- लागु औषध तस्करहरुले अन्य व्यक्तिको नागरिकता तथा पासपोर्ट प्रयोग गरी बिदेशबाट लागु औषध मगाउने गरेको पाइएको छ ।
- अहिले बिभिन्न अनलाइन जब सेन्टरको नाममा खुलेका कम्पनिहरुले सोझा सिधा नेपाली युवा युवतीहरुलाई बिभिन्न प्रलोभनमा पारी शोषण गरिरहेको पाइएको छ ।
- कुनै काम गर्दा के काम हो राम्ररी बुझेर मात्र सो काम गर्ने गरौ ।
- नचिनेका व्यक्ति तथा कम्पनिको बिश्वासमा पर्दा गैर कानूनी कार्य तथा लागु औषध कारोवार जस्तो अपराधमा समेत फस्न पुगिन्छ होशियार बनौं ।
- अभिभावकहरुले पनि आफ्ना छोराछोरीहरुले बिभिन्न जागिरका बहानामा के कस्ता कार्य गरी रहेका छन् ? सहि काम गरी रहेका त छन् ? समयमै बुझ्ने काम गरौं ।

**प्रवक्ता/ सूचना अधिकारी**
(चक्रराज जोशी)
प्रहरी उपरीक्षक
सम्पर्क नम्वर : ९८५११३२७४३






Contact no.:014611048, email: ncb@nepalpolice.gov.np, www.ncb.nepalpolice.gov.np, facebook.com/ncb.nepol